नेपाल सरकार

# मा.संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको

# स्वकीय सचिवालय

सिंहदरबार, काठमाडौं, नेपाल मिति २०७९/०३/०२

पत्र संख्याः

च.नं.:

## प्रेस विज्ञप्ती

विभिन्न सञ्चारमाध्यममा नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्षलाई हातपात गरेको समाचारमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्युलाई जोडेर लेखिएको समाचारमा हाम्रो ध्यानाकर्षण भएको छ।

समाचारमा उल्लेख भए अनुसार, माननीय मन्त्रीज्यूले सिंहदबार स्थित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा तथा कार्यकक्षमा बोलाई मातहतका कुनै पनि कर्मचारीलाई दुर्व्यवहार नगरेको प्रष्ट पार्दै यसबारेमा हाम्रो मन्त्रालय र सिहदरबार परिसरमा रहेका सीसीटीभी क्यामेरा हेर्दा प्रष्ट हुने भएकाले सञ्चारमाध्यम लगायत सम्वन्धित सरोकारवाला निकायलाई हामी प्रष्ट हुन अनुरोध गर्दछौं। आवश्यक परे मन्त्रालय र प्रशासनले सीसीटीभीको फुटेज उपलब्ध गराउन सक्ने छ।

निगम कार्यकारी अध्यक्षसँगको प्रसँगमा माननीय मन्त्रीज्यूले स-साना काममा पनि निर्देशन दिनुपर्ने, सचेत गराउनु पर्ने, सम्झाउनु पर्ने क्रम निरन्तर रहेकाले एकपटक मात्र नभई बारम्बार दर्जनौंपटक निर्देशन दिनुपरेको अवस्था आजसम्म कायमै रहेको छ। पछिल्ला दिनमा उडान संख्या बृद्धि हुदै गएको तर, जापान लगायतका गन्तव्यमा सर्वसाधरण, विद्यार्थी, भारतमा उपचारमा जाने बिरामी लगायतले टिकट सहजै नपाउने, निगमकै कार्यकारी अध्यक्ष र केही पाइलटको मिलोमतोमा कार्यकारी अध्यक्षले बजारमा कृतिम अभाव गराउने, आफु निकट एजेन्सीबाट मात्रै टिकट बिक्रि गर्ने गरेको गुनासो अत्याधिक आएपछी पटक पटक सचेत गर्दा पनि सुधारमा अटेर गरेको हुंदा स्थानीय तहको चुनावअघि कार्यकारी अध्यक्षलाई स्पष्टीकरण सोधिएको थियो। स्पष्टीकरण रोक्न धेरै शक्तिकेन्द्रबाट कार्यकारी अध्यक्षले अनैतिक दबाब दिनु भयो। अनेकन प्रलोभन पनि आए। तर, माननीय मन्त्रीज्यूले कार्यकारी अध्यक्षलाई सम्झाई बुझाई सुधारकालागि थुप्रैपटक मौका दिनु भएकै थियो।

एउटा टिकटका लागि पनि मन्त्री तथा सचिवालयलाई फोन आउने क्रम ८ महिनाको कार्यकालमा अत्याधिक भए। त्यसपश्चात निगम नेतृत्वलाई अनलाइन टिकट उपलब्ध हुने प्रणालीकालागि थुप्रै पटक निर्देशन दिंदा पनि नहुँने भएपछी उहाँलाई मन्त्री, मन्त्रीज्यूको सचिवालय र मन्त्रालयबाट निर्देशन गरिएकै थियो। दलाल तथा माफियाको आडमा निगमले अनलाइन टिकट प्रणाली लागू नगरेकै कारण यसअघिका महाप्रवन्धकलाई मन्त्रालयमा तानिएको थियो। पछि उहाँलाई मन्त्रिपरिषदबाट बर्खास्त गरिएको थियो।

गालीगलौजका सम्वन्धमा कानुनले निषेध गरेको गोपनियताको हकको उल्लंघन गर्दै मन्त्रीसँग निगम सुधार सम्वन्धित नितान्त दुईपक्षिय वार्ता तथा सम्वाद रेकर्ड गर्दै विभिन्न दलका नेता, दलाल,

फोन नं.: +९७७-१-४२११६०७ (कार्यालय), फ्याक्स : +९७७-१-४२११९९२, इमेलः info@tourism.gov.np वेबसाईटः www.moctca.gov.np